SAMPLE QUESTION PAPER (2025-2026)

Code: 024

Subject: Nepali

कक्षा - X

Time Allowed-3Hrs Full marks-80

➢ **General Instructions:**

✓ Read the questions carefully before writing the answer.

✓ There are two parts in this question, Part 1 and Part 2.

✓ MCQs are given in Part 1.

✓ Descriptive questions are given in Part 2.

| खण्ड 1 : बहुवैकल्पिक प्रश्नहरू | | |
|---|---|---|
| **1.** | **निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस्।** | **5x1=5** |
| | शिवराज शर्माको जन्म वि.सं. १९९५ वैशाख १३ गते, तदनुसार सन् १९३८ मा भएको हो। पिता पण्डित चामुनारायण उपाध्याय नेउपाने र माता ओममाया देवी नेउपानेका कोखबाट जन्मिएका बाह्रजना सन्तानमध्ये सबैभन्दा जेठा शिवराज शर्मा हुन्।<br>उनको न्वारनको नाम शिवराज उपाध्याय नेउपाने भए तापनि पूर्व सिक्किमको राकदोङ तिन्तेक, साम्दोङको खुसेथाङ स्कूलका गुरुबाबुहरूले यति लामो नाम आफ्नो जिब्रोबाट कम्ति गर्नको लागि शिवराज शर्मा मात्र पारिदिएका हुन् भन्ने भनाइ छ।<br>व्याकरणाचार्य, काव्यतीर्थ, व्याकरणतीर्थ र साहित्यतीर्थ अध्ययन गरेका शर्माले प्राथमिक श्रेणीदेखि एम.ए. सम्मकै व्याकरणका पाठ्यपुस्तकहरू लेखेका छन्। यसबाहेक यिनले एक दर्जनजति साहित्यिक कृतिहरू पनि नेपाली साहित्य जगतलाई दिएका छन्। यिनका कृतिहरूमा राम्रो नेपाली व्याकरण र रचना, माध्यमिक नेपाली व्याकरण र रचना, जोर कि बिजोर आदि छन्। यिनी २०५४ फाल्गुन ८ गते काठमाडौंबाट विद्वत्शिरोमणि हेमराज पुरस्कार तथा सिक्किमबाट निर्माण पुरस्कारद्वारा सम्मानित भएका छन्। | |
| **i.** | शिवराज शर्माको जन्म कहिले भएको थियो?<br>**A.** वि.सं. १९९५।<br>**B.** सन् १९९५।<br>**C.** इ.पू. १९९५। | |

| | | |
|---|---|---|
| | D. वि.सं. १८९५। | |
| ii. | गुरुहरूले किन शिवराज शर्मामात्र नाम राखिदिएका हुन् ?<br>A. अर्को नाम नभएकाले।<br>B. पहिलाको नाम लामो भएकाले जिब्रोबाट कम्ति गर्नको निम्ति।<br>C. यिनको नाम नराम्रो भएकाले।<br>D. बाबु आमाले त्यही नाम राखिदिनु भनेकाले। | |
| iii. | शिवराज शर्माले कुन विद्यालयबाट पढ्न शुरू गरेका थिए ?<br>A. काठमाडौंबाट।<br>B. खुसेथाम स्कूलबाट।<br>C. खुसेथाङ स्कूलबाट।<br>D. घरैबाट। | |
| iv. | शिवराज शर्माका पुस्तकहरू प्राथमिक तहदेखि कहाँसम्मका निम्ति तयार परिएको छ?<br>A. माध्यमिक तहसम्मका निम्तिमात्र।<br>B. एम्.ए. तहसम्मका निम्ति।<br>C. उच्चमाध्यमिक तहसम्मका निम्ति मात्र।<br>D. केवल प्राथमिक तहसम्मका निम्ति मात्र। | |
| v. | शिवराज शर्माले विद्वत्छिरोमणि हेमराज पुरस्कार कहाँबाट प्राप्त गरेका हुन्?<br>A. भारतबाट।<br>B. दार्जीलिङबाट।<br>C. सिक्किमबाट।<br>D. काठमाडौंबाट। | |
| **2.** | **निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नहरूको सही विकल्प लेख्नुहोस्।** | **5x1=5** |
| | अचल र पवित्र सिद्धान्त<br>विचार र विवेकको सङ्गम<br>ज्ञान र विज्ञानको मेल<br>भौतिक र आध्यात्मिक संयोग<br>विचार र विचारहरूको<br>मानव निर्मित सरल आकृति<br>म पुस्तक हुँ।<br>पन्ना पन्नामा म<br>अक्षर अक्षरमा म | |

| | | |
|---|---|---|
| | मानव र मानवताको कुरा गर्छु<br>धर्म र अधर्मको चिन्तन दिन्छु<br>जीवन र जगतको पाठ घोकाउँछु<br>सत्य र असत्यको प्रचार सुनाउँछु<br>ज्ञान र विज्ञानको समायोजन गराउँछु<br>अनन्त यात्रा हो म, तिमीले चाहेको<br>तिमीबाट नै निर्मित<br>तिम्रो यात्राको सहयात्री<br>मानव सिर्जित विचारपुञ्ज<br>म पुस्तक हुँ।<br>त्यसैले तिमीले तिमीलाई चिन्न आवश्यक छ<br>तिमीले अरूलाई चिनाउन जरूरी छ<br>म केवल तिम्रो सृष्टिको अंशबाट<br>एउटा अनुरोध<br>तिमी सत्य बोल र सत्कर्म गर<br>तिमी चिन्तन गर र चिन्तक बन<br>न्याय र अन्यायको विवेकशील न्यायाधीश बन<br>जन्मभूमिको निष्ठावान सेवक बन<br>पर्यावरण र परिवेशको संरक्षक बन<br>सत्कार्य र सुकार्यको भेदक बन<br>एक असल समाजसेवक बन<br>तिमीमा निहित अपार शक्तिलाई<br>सामाजिक जीवनको निम्ति समर्पित<br>कर्मठ योद्धा बन। | |
| i. | यहाँ कसले आफूलाई चिनाउन खोजेको छ?<br>A. पुस्तकले<br>B. कविले।<br>C. धर्मले।<br>D. विचारले। | |
| ii. | यहाँ मानव र मानवताको कुरा कहाँ गर्छु भनिएको छ ?<br>A. व्यक्ति-व्यक्तिमा।<br>B. अक्षर-अक्षरमा। | |

| | | |
|---|---|---|
| | C. समाजमा।<br>D. विद्यालयमा। | |
| iii. | 'सत्य बोल र सत्कार्य गर'- भनेर कसलाई भनिएको छ ?<br>A. विचारलाई।<br>B. समाजलाई।<br>C. पुस्तकलाई।<br>D. 'तिमी'लाई। | |
| iv. | उक्त कवितामा कस्तो समाजसेवक बन्न आग्रह गरिएको छ ?<br>A. अन्यायको।<br>B. पर्यावरणको।<br>C. असल।<br>D. कुकार्यको। | |
| v. | अन्याय शब्दको विपरीत के हुन्छ ?<br>A. सुन्याय।<br>B. न्याय।<br>C. अपन्याय।<br>D. कुन्याय। | |
| 3. | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प लेख्नुहोस्।** | 10x1=10 |
| i. | विशेषण र विशेष्यको मेल हुने समास ................................ हो।<br>A. अव्ययीभाव समास।<br>B. कर्मधारय समास।<br>C. द्वन्द्व समास।<br>D. बहुब्रीहि समास। | |
| ii. | 'राजाको भवन = राजभवन, रातमा अन्धो = रतन्धो।' – यो कुन समास हो?<br>A. द्वन्द्व समास।<br>B. द्विगु समास।<br>C. तत्पुरूष समास।<br>D. कर्मधारय समास। | |
| iii. | 'माग्नेलाई भिक्षा देऊ।'-रेखाङ्कित पद कुन कारकभित्र पर्छ।<br>A. सम्प्रदान कारक। | |

| | | |
|---|---|---|
| | B. कर्ता कारक।<br>C. सम्बन्ध कारक।<br>D. अधिकारण कारक। | |
| **iv.** | सम्बन्ध कारकको चिह्न के हो?<br>A. मा।<br>B. ए...!, हे...!, हो...!।<br>C. को,का,की।<br>D. ले। | |
| **v.** | समास भनेको ............................... हो।<br>A. शब्दहरूको मेल।<br>B. विग्रह।<br>C. समाज।<br>D. सन्धी। | |
| **vi.** | 'सब'को अर्थ सबै हो भने 'शव'को अर्थ ................ हुन्छ।<br>A. सम्पूर्ण।<br>B. उठ्नु।<br>C. लाश।<br>D. सुलु। | |
| **vii.** | पर्यायवाची शब्दको अर्को नाम के हो?<br>A. विलोम शब्द।<br>B. वाक्यसङ्क्षेप ।<br>C. समोच्चारित शब्द।<br>D. प्रतिशब्द। | |
| **viii.** | जो कहिल्यै मर्दैन- ............................।<br>A. समर।<br>B. अमर।<br>C. नमरेको।<br>D. नमारिएको। | |
| **ix.** | विपरीतार्थक शब्द = ........................।<br>A. विलोम शब्द। | |

| | | |
|---|---|---|
| | B. प्रतिशब्द।<br>C. सार शब्द।<br>D. भिन्नार्थक शब्द। | |
| x. | समस्त पदलाई अलग गर्नुलाई के भनिन्छ?<br>A. सामासिक शब्द।<br>B. विग्रह।<br>C. विच्छेद।<br>D. प्रतिशब्द। | |
| | **खण्ड 2 : वर्णनात्मक प्रश्न** | |
| **4.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | 3x2=6 |
| i | तलका वाक्य संयोजन गर्नुहोस्।<br>क) सीता सुखी छिन्। सीता सन्तोषी छिन्।<br>ख) बिहान भयो । चरा चिरबिराए। | |
| ii | तलका वाक्यलाई निर्देशअनुसार परिवर्तन गर्नुहोस्।<br>**क)** त्यो धनी मानिस लोभी थियो।(संयुक्त वाक्य)<br>**ख)** चोरलाई पुलिसले पक्रन्छ।(मिश्र वाक्य) | |
| iii | तलका उखानको अर्थ खुलाउनुहोस्।<br>**क)** पशुपतिको यात्रा सिद्राको व्यापार।<br>**ख)** खाने मुखलाई जुँगाले छेक्दैन। | |
| **5.** | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i. | चामे ससुरालीको घरमुन्तिर पुग्दा गौँथली के गर्दै थिई? | 2 |
| ii. | डा. नानोले फेरसको मुहारमा उदासी र विरक्ति हटाउनलाई के काम गरे?<br>अथवा<br>सोझा मानिसलाई समाजबाट किन सिध्याउनुपर्छ? | 2 |
| iii. | कालेको बाउ र आमा कतिबेला नाटकमा माग्नेको भूमिकामा खेल्ने पात्र जस्ता देखिएका थिए? | 2 |
| iv. | मन एकाङ्कीका कुनै चार पात्रहरूको नाम लख्नुहोस्। | 2 |
| v. | चामे कस्तो स्वभावको मानिस थियो? | 3 |
| vi. | कालेको घरमा राती हुरी चलेको समयमा के - के भयो? | 3 |
| **6.** | **निम्नलिखित कुनै चार प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | 4x3=12 |
| i. | ‘इस् पढ्छु तेरो कविता’ कविताको भाव लेख्नुहोस्। | |

| | | |
|---|---|---|
| ii. | देवकोटाले यात्रीहरूलाई मन्दिरमा धाउन छोड़ेर के गर भनेका छन्? | |
| iii. | 'आकाशका तारा के तारा कविता'मा कविले धरतीका ताराहरू किन अवहेलनामा परेको बताएका छन् ? | |
| iv. | हुँदैन बिहान मिरमिरेमा तारा झरेर नगए।<br>बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।।<br>-उक्त पंक्तिलाई विस्तार गर्नुहोस्। | |
| v. | 'सत्य सन्देश' कवितामा कविले हाम्रो दृष्टि दोषी छ भने के-के दोषी देखिन्छ भनेका छन्? | |
| 7. | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i. | द्वारेको घरमा जाँदा जाँदै रने के सम्झिएर फर्किएको थियो? | **2** |
| ii. | लक्ष्मीको लोग्ने किन आफ्नो घर फर्किन सकेको थिएन?<br>अथवा<br>सोनामणिले पुलबाट हाम फाल्नुको कारण के थियो? | **2** |
| iii. | "ओहो! मैले त यस्तो कुरा कहिल्यै सुनेकै थिइन। यस्तो कुराको त केही अर्थ छैन नि! एउटा बूढ़ो रूख र तिम्रो के सम्बन्ध छ? अथवा तिमी जाती हुनुसित त्यसको के अर्थ छ र?"<br>-यो वाक्य कसले कसलाई कुन प्रसङ्गमा भनेको हो? | **3** |
| iv. | मोतीलाई उसका काकाले के भनेर सम्झाएका थिए? | **3** |
| 8. | **निम्नलिखित प्रश्नहरूमध्ये कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्।** | 2x2=4 |
| i. | राजेन्द्र भण्डारीका माता पिताको नाम के-के हो? | |
| ii. | इन्द्रबहादुर राईका कुनै दुई कृतिको नाम लेख्नुहोस्। | |
| iii. | लक्खीदेवी सुन्दासको जन्म कहाँ र कहिले भएको थियो? | |
| 9. | तल दिइएका कुनै एउटा विषयमा 150 शब्दसम्मको चाखलाग्दो निबन्ध लेख्नुहोस्।<br>• पुस्तकालय।<br>• विज्ञान र प्रविधि। | **5** |

| | | |
|---|---|---|
| **10.** | 'अनुशासनले मानिसलाई सफल बनाउँछ' भन्ने विषयलाई स्पष्ट बनाउँदै आफ्नो भाइलाई एउटा पत्र लेख्नुहोस्।<br>**अथवा**<br>घरमा सबै विरामी भएका कारण उनीहरूलाई अस्पताल पुऱ्याउनु पर्ने भएकाले विद्यालयमा उपस्थित हुन नसक्ने विषयको जानकारी गराउँदै प्राचार्यलाई एउटा निवेदन लेख्नुहोस्। | **5** |
| **11.** | **निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्।**<br>i. The children are not playing.<br>ii. You will get through.<br>iii. You have not sent him.<br>iv. My mother is cooking food for me. | **4** |